परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ३८ २०८३ बैशाख १३ आईतवार Sunday, 26 APR 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मगही भाषा, कला, साहित्य र संस्कृति सम्वन्धि अध्ययन अनुसन्धान कार्यक्रम सुरु




विराटनगर । "भाषा-संस्कृति हमर राष्ट्रके गौरव आर पहिचान हय" नाराका साथ भाषा-संस्कृति प्रतिष्ठानको आयोजनामा मगही भाषा, कला, साहित्य र संस्कृति सम्बन्धि अध्ययन अनुसन्धान कार्यक्रम शनिवार सुरु भएको छ ।

भाषा संस्कृति प्रतिष्ठानका अध्यक्ष जय प्रकाश महतोको अध्यक्षतामा विराटनगरको डिग्री कलेजको सभाहलमा पहिलो दिनको कार्यक्रम सुरु भएको थियो ।

पहिलो दिनको कार्यक्रमका प्रमुख अतिथि विराटनगर महानगरपालिका वडा नं. १४ को अध्यक्ष सुर्य नारायण महतोले पिछडा वर्गमा रहेका ३६ जातजाती लगायत अन्य जातजातीहरु समेतले बोलिने मातृ भाषा मगहीलाई संरक्षण र सम्वर्द्धन गर्न सबै एकजुट भएर अगाडी बढ्नु पर्ने वतए । मगही भाषा, कला, संस्कृती, रितीरिजा लगायतलाई संरक्षण गर्न स्थानीय, प्रदेश र संघिय सरकारले बजेटको व्यवस्थापन गर्नु पर्ने वताएका थिए ।

विशिष्ठ अतिथी महेन्द्र मोरंग आदर्श वहुमुखि क्याम्पसका पूर्व प्रमुख प्रा.डा. बाबुराम तिम्सिनाले मगही लगायत नेपालमा वोलिने सबै मातृ भाषाको संरक्षण र सम्वर्द्धमा सरकारले ध्यान दिनुपर्ने वताउँदै आमाको काखवाट सिखिने भाषालाई मातृ भाषालाई आधारभूत तहको विद्यालयमा लागु गर्नुपर्ने वताए ।

उक्त कार्यक्रमा बाल माध्यमिक विद्यालय विराटनगर-१४ जतुवाका सहायक प्राध्यापक हंसराज यादव, शिक्षक विष्णु महतो, जनता आधारभुत विद्यालय विराटनगर-१८ का प्राध्यापक राजकुरमा सरवरिया, भवानी आधारभूत विद्यालयको प्राध्यापक रजनीकान्त कामत, नेपाल पत्रकार महासंघ मोरंगका सह सचिव श्याम सुन्दर सुतिहारले मगही भाषा सम्वन्धि विभिन्न चाडपर्वहरु, पूजापाठहरुको वारेमा कार्यपत्रहरु प्रस्तुत गर्दै सहजकर्ताको भूमिका निर्वाह गरेका थिए ।

पूर्व प्राध्यापक वीरेन्द्र प्रसाद मेहता, युगेश्वर मेहता, जनता बाल आधारभूत विद्यालयको प्राध्यापक राजेश यादव, जागृत ग्रामीण महिला समाजका अध्यक्ष ममता यादव, लभकुश प्रतिष्ठान विराटनगरका अध्यक्ष राम भुषण मेहता, मिल्स माध्यमिक विद्यालयका पूर्व शिक्षक सुर्यनारायण यादव, स्ववियू सभापति प्रितम साह लगायत बृद्धिजीवी, समाजसेवी हरुको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा विराटनगर महानगरपालिका वडा नं. ८, १०, १३, १४, १८ का महिला तथा पुरुषहरुको सहभागिता रहेको थियो । मगही भाषा, कला, साहित्य र संस्कृति सम्बन्धि अध्ययन अनुसन्धान कार्यक्रम विराट नगरको ५ ठाउँमा हुने छ भने १९ वटै वडा पिछडा वर्गका समुदाय लाई समेटिने गरि कार्यक्रम हुनेछ । भाषा संस्कृति प्रतिष्ठानका अध्यक्ष जय प्रकाश महतोको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## विराटनगर वडा नं. ८ मा खेल मैदानको स्तरोन्नती

विराटनगर । विराटनगर महानगरपालिका वडा नं ८ मा प्रयोग विहिन रहेको मैदानलाई खेलमैदानमा रुपान्तरण गर्न सुरु गरिएको छ । मैदानको स्तरोन्नती गरि वडा कार्यालयले खेलकुदका गतिविधिहरु सञ्चालन हुने गरिएको पूर्वाधार निर्माण तयार गर्न लागेका छन् ।

करिब एकदशक अघिसम्म सो मैदानमा सरसमान खरिद विक्रीका लागि सर्वसाधारणको बुधहटिया लाग्थ्यो । जहाँ स्थानीय र आसपासका मानिसहरु साग, सब्जी लगायत स्थानीय सरसरमानहरु विक्री वितरण तथा खरिदका लागि मानिसहरुको जम्घट लाग्थ्यो । सो बुध हटिया कटहरी गाँउपालिकातिर स्थानान्तरण भएपछि उपयोग विहीन जग्गामा विराटनगर महानगर र वडा नम्बर ८ को सक्रियतामा खेलकुद मैदान निर्माण सुरु गरिएको वडा अध्यक्ष राम पोखरेले वताए ।

कोशी प्रदेश सरकारले प्यारापिटका लागि १४ लाख रुपैया विनियोजन गरेपछि ठेक्का प्रक्रियामा ९ लाख रुपैया खर्च भएको छ । बजेट अभावका कारण प्यारापिट निर्माणको काम समेत अधुरो नै रहेको छ । त्यसैगरि, स्थानीयको श्रम र क्लबले सहयोगमा मैदानको स्तरोन्नतिको काम हुदै आएको वडाध्यक्ष पोखरेलको भनाई छ ।

वडाले पनि पटकपटक गरि मैदानको स्तरोन्नतीका लागि ४ लाख रुपैया खर्च गरिसकेको छ । वडाले खेलकुद शिर्षकको बजेट अहिले खेलमैदान निर्माणमा खर्च गरिरहेको छ । वर्षेनी खेलकुदका लागि क्लब, खेलकुद आयोजनालाई सरसमान दिने तर सो बजेटबाट खास उपलब्धी नदेखिएपछि वडाभित्र खेलमैदान निर्माण गर्ने लक्ष्य सहित अहिले खेलकुदको बजेट मैदान निर्माणमा खर्चिएको छ ।

०७९ सालको स्थानीय निर्वाचनपछि एक वडा एक खेलमैदानको अवधारण अनुरुप खेल मैदान तयारी हुदै आएको छ । मैदानको स्तरोन्नतीका लागि करिब १ हजार बढि टिपर माटो पुरेर सम्याइएको मैदानको मुख्यद्धार र प्यारापिट निर्माण गराउनका लागि प्रदेश सरकार, संघीय सरकार महानगरलाई आग्रह गरिरहेको अध्यक्ष पोखरेलले

बांकी अन्तिम पेजमा...

"बिरामी मैत्री अस्पताल"
आर्या न्यूरो हस्पिटल
कन्चनबारी विराटनगर-३
नव वर्ष
२०८३
को हार्दिक मंगलमय शुभकामना
डा. अर्चना चौधरी नेपाल (अध्यक्ष)
डा. पंकजराज नेपाल (प्रबंध निर्देशक)
दिनेश ठाकुर (निर्देशक)

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर
स्थानीय तहमा दर्ता भएका इ-रिक्साको दर्ता, प्रतिलिपि तथा नवीकरण गर्ने सम्बन्धी सूचना

- यातायात व्यवस्था कार्यालयमा दर्ता भई स्थानीय तहमा हस्तान्तरण भएका इ-रिक्सा पुनः यातायात व्यवस्था कार्यालयमा दर्ता गर्दा यदि कार्यालयले जारी गरेको सक्कल (ब्लुबुक) भएमा सोको आधारमा स्थानीय तहबाट सरुवा फिर्ता गरेको निस्सा समेत राखी सोही दर्ता नम्बर कायम हुने गरी अभिलेख खडा गरिनेछ ।
- यदि यातायात व्यवस्था कार्यालयहरूले जारी गरेको सक्कल (ब्लुबुक) नभएको तर स्थानीय तहले जारी गरेको सवारी दर्ता प्रमाण पत्र (ब्लुबुक) मा यातायात व्यवस्था कार्यालयले जारी गरेको सवारी दर्ता नम्बर समेत उल्लेख भएको खण्डमा स्थानीय तहले जारी गरेको सक्कल सवारी दर्ता प्रमाण पत्र राखि साविकको नम्बर कायम गरी ब्लुबुकको प्रतिलिपि दिने ।
- त्यसै गरी यदि यातायात कार्यालयले दिएको जाँचपास प्रमाण पत्रको सक्कल पेश गरेमा पनि सोही सक्कल पत्रको आधारमा यातयात कार्यालयले जारी गरेको दर्ता नम्बर कायम गरी सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपि जारी गर्ने ।
- सोझै स्थानीय तहमा दर्ता भएका वा यातायात व्यवस्था कार्यालयमा दर्ता भई स्थानीय तहमा हस्तान्तरण भएका इ-रिक्साहरूको सवारी दर्ता अभिलेख किताव स्थानीय तहमा जेनजिको आन्दोलनको क्रममा जली नष्ट भएको अवस्थामा स्थानीय तहमा दर्ता भएका एवं कर चुक्ता गरेको प्रमाणको आधारमा सक्कल सवारी दर्ता प्रमाण पत्र (ब्लुबुक) समेत राखि सरुवा दर्ता सरह दर्ता गर्ने ।
- सेवाग्राहीले नागरिकताको फोटोकपी, दुई प्रति हालसालै खिचिएको फोटो, सवारी दर्ता प्रमाण पत्रको फोटोकपी, सवारी साधनको इन्जिन नम्बर र चेसिस नम्बर देखिने गरीको फोटो, सवारी साधनको पूर्ण भाग देखिने गरीको फोटो संलग्न राखु पर्नेछ ।
- यदि स्थानीय तहमा सवारी कर तथा नवीकरण समेत गरेको भएमा उक्त शीर्षकमा थप कर लाग्ने छैन ।

## लागुऔषध...

इलाका प्रहरी कार्यालय लौकही र लागु औषध नियन्त्रण व्यूरो विरटनगरले इनरुवा-२ का सैफ अली सिदिकीलाई २० ग्राम ब्राउन सुगर सहित र कोशी गाउँपालिका-१ बाट बराहक्षेत्र नगरपालिका-६ का हरी बहादुर श्रेष्ठलाई ५३० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

यसैगरी मोरङको विराटनगर-१६ बाट इलाका प्रहरी कार्यालय रानी, रानी (सिमा) र लागू औषध नियन्त्रण ब्यूरो विराटनगरले सुन्दर हरैचा-५ का समिर चौधरीलाई २१० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो । प्रहरी चौकी भागलपुर उदयपुरले बेलका-१ बाट स १० प ७८०१ नम्बरको मोटरसाईकल चालक चौदण्डीगढी नगरपालिका-७ का आर्जु राई र मोटरसाईकल पछाडी सवार श्याम कुमार कार्कीलाई १५५ मिलिग्राम सहित पक्राउ गरेको हो । पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।

## विराटनगर...

वताए । वडाको एकल प्रयासले काम गर्न गाह्रो छ । यसलाई विराटनगरको एउटा सुन्दर मैदान बनाउन महानगर, प्रदेश सरकार र केन्द्रीय सरकारको सहयोग आवश्यक रहेको उहाँले वताए । खेलमैदानलाई आफ्नो कार्यकाल भित्र सुविधा सम्पन्न बनाउनका लागि तीनै तहको सरकारसँग बजेटका लागि पहल गरिरहेको उहाँको भनाईछ ।

मर्निङ फुटबल क्लबका अध्यक्ष गोकुल भट्टराईका अनुसार विराटनगरभित्र मैदानको कमी भइरहेको अवस्थामा यसले त्यसको अभाव कम गराउने विश्वास लिइएको छ । अहिले मैदानमा माटो पुरेर सम्याउने काम भइरहेको र मैदानमा घाँस उम्रने क्रम सुरु भएको वताउँदै क्लबका अध्यक्ष भट्टराईले भने, 'महानगरले यस्ता मैदानलाई निर्माण गराउनका लागि ध्यान दिनुपर्ने हो । साथ सहयोग गर्नुपर्ने हो । अहिले वडास्तरबाट काम भइरहेको छ। यतिको मैदान निर्माणसंगै अब विस्तारै घास पलाउन थालेको छ । आउनेदिनमा खेलकुदका कार्यक्रम यहाँ गराउन सक्दा सहिद मैदानलाई बोझ हल्का हुनसक्छ ।'

मैदानको लम्बाई १ सय १० मिटर र चौडाइ ८० मिटर रहेको छ । मैदान निर्माण सम्पन्न पछि फुटबलदेखि हिसान, प्याब्सनका खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिंग शिल्ड जस्ता प्रतियोगिता गराउन सकिने छ ।

NO SMOKING

# सरकारी विज्ञापन सरकारी संचार माध्यमलाई दिने विभेदकारी निर्णय विरुद्ध ज्ञापनपत्र



विराटनगर । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले गरेको निर्णय अनुसार मोरङ शाखाकी अध्यक्ष सुशिला पाठकको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय मोरङ मार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षण गर्न ज्ञापनपत्र बुझाएको छ ।

नेपाली सञ्चार क्षेत्र लामो समयदेखि आर्थिक जर्जरताबाट गुजिरहेको बेला श्रमजीवी पत्रकारले नियमित पारिश्रमिक लगायत प्रचलित कानुन बमोजिम सेवासुविधा प्राप्त गर्न नसकेको यथार्थता छर्लङ छ । यतिमात्र नभई सञ्चार माध्यमको निरन्तरता माथि गम्भीर प्रश्न उत्पन्न भएको छ । यो जटिल परिवेशमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरीय निर्णयका नाममा २०८२ चैत १८ गते संघीय सरकारका सबै निकाय, प्रदेश सरकार र स्थानीय तहहरुलाई जारी परिपत्रमा उल्लेखित विषयवस्तु ततकाल सच्याउन महासंघले दवाव मुलक ज्ञापनपत्र बुझाएको मोरङ शाखाकी अध्यक्ष सुशिला पाठकले वताए । यता ज्ञापनपत्र बुझनुहुँदै प्रमुख जिल्ला अधिकारी युवराज कटेलले ततका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौ ज्ञापनपत्र पठाउने प्रतिवद्धता जनाए ।

गम्भीर विषयमा सरोकारवाला पक्षसँग सामान्य परामर्शसमेत नगरी लिइएको सरकारको आपत्तिजनक निर्णयप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको मोरङकी अध्यक्ष पाठकले वताए । सरकारी निर्णय र परिपत्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यास, नेपालको संविधानमा लिपिबद्ध पूर्ण प्रेस स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हक, स्वतन्त्र पत्रकारिता, खुला अर्थ नीति र संघीयताको मर्मविपरित रहेको अध्यक्ष पाठकले दावी छ ।

सरकारी विज्ञापनहरु साना, स्थानीय र थोरै लगानीका सञ्चार माध्यमहरुमा समेत न्यायोचित पहुँच पुर्‍याउन समानुपातिक विज्ञापन वितरण प्रणाली लागू गर्ने नीति छ । विज्ञापन ( नियमनगर्ने) ऐन, २०७६ अनुसार विज्ञापन बोर्डले वर्गीकरणका आधारमा सञ्चार माध्यमहरुलाई समानुपातिक रूपमा सरकारी विज्ञापन उपलब्ध गराउने व्यवस्था उल्लेख छ ।

खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"

- आर्थिक गणना किन : देशमा संचालित उद्योग, प्रतिष्ठान तथा व्यवसायीको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्यांक प्राप्त गर्न,
- गणना अवधि : २०८३ बैशाख ७ गते देखि असार ७ गतेसम्म,
- कसलाई समेट्ने : सबै उद्योग, व्यापार, व्यवसायी , शैक्षिक एवंम स्वास्थ्य संस्था, बैक तथा सेवा प्रदायक निकायहरू ।

तथ्यांक ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहेनछ ।
सत्य-तथ्य विवरण दिऔं, राष्ट्रि निर्माणमा योगदान गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

डिभिजन वन कार्यालय, मोरङको
वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

यस वर्षको सुख्खा मौसम सुरु भइसकेको छ। वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला तथा सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छः

१. सलाई, लाइटर, राँको जस्ता आगो उत्पन्न गर्ने वस्तुहरू वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं।
२. वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए पूर्ण रूपमा निभाएर मात्र छाडौं।
३. वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकैको वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहरूलाई सूचना दिऔं।
४. डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं।
५. वन डढेलो लगाउने व्यक्तिहरूको पहिचान गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं।

डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क: ९८५२०२६६१४, ९८५२०८१११०

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सरकारी विज्ञापनमा समानुपाति प्रणली लागु गर

सरकारले हालै सार्वजनिक गरेको “सरकारी विज्ञापन सरकारी सञ्चार माध्यमलाई मात्र दिने” निर्णयले सञ्चार क्षेत्रभित्र गम्भीर बहस र चिन्ता उत्पन्न गरेको छ । यस्तो निर्णयले एकातिर सरकारी सञ्चार संस्थालाई प्राथमिकता दिने देखिए पनि अर्कोतिर निजी तथा स्वतन्त्र सञ्चार माध्यमको अस्तित्वमाथि नै प्रश्न उठाउने जोखिम बोकेको छ । यस सन्दर्भमा उक्त निर्णय खारेज गरी समानुपातिक विज्ञापन प्रणाली लागू गर्नु आवश्यक छ । सरकारी संचार माध्यम सरकारको पृष्ठपोषण गर्ने भएकोले वरु सरकारी संचार माध्यम वन्द गरी निजी संचार माध्यमलाई गर्नुपर्छ ।

राज्यले कुनै एक वर्गका सञ्चार माध्यमलाई मात्र प्राथमिकता दिनु भनेको सूचना प्रवाहमा असन्तुलन ल्याउनु हो । निजी सञ्चार माध्यमहरूले वर्षौंदेखि समाचारको विविधता, आलोचनात्मक दृष्टिकोण र जनचासोका विषयलाई उठाउँदै आएका छन ्। यदि सरकारी विज्ञापनबाट उनीहरूलाई वञ्चित गरियो भने आर्थिक रूपमा कमजोर बनाउने र अन्तत : स्वतन्त्र पत्रकारितामाथि अंकुश लगाउने प्रयासको रूपमा बुझिन सक्छ । समानुपातिक विज्ञापन प्रणालीले सबै सञ्चार माध्यमलाई निष्पक्ष रूपमा अवसर प्रदान गर्दछ ।

राज्यका सूचना र नीतिहरू जनतासम्म पुऱ्याउन संचार माध्यम महत्वपूर्ण भूमिका खेल्छन् । तर, केवल तिनैलाई प्राथमिकता दिनु सन्तुलित नीति हुन सक्दैन । सबै सञ्चार माध्यमलाई समेट्ने, पारदर्शी र उत्तरदायी प्रणाली नै लोकतान्त्रिक मूल्यअनुसारको सही मार्ग हो । तसर्थ सरकारले आफ्नो निर्णय सच्याई सरकारी विज्ञापन वितरणमा समानुपातिकता, पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्दै नीति निर्माण गरियो भने मात्र सञ्चार क्षेत्र सुदृढ र लोकतन्त्र बलियो बन्न सक्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# के निजी विद्यालयहरू नाफा प्रेरित मात्र हुन् ?

बिनोद रेग्मी

नेपाल सरकारले निजी क्षेत्रलाई समेत शिक्षा सञ्चालनको आधार बनाउँदै कम्पनी मोडलमा लगेपछि नेपालमा संस्थागत विद्यालयहरू सहरी क्षेत्रमा तीव्र रूपमा विस्तार हुँदै संस्थागत (निजी) विद्यालयहरू शिक्षा प्रणालीको एक महत्त्वपूर्ण हिस्सा बनेका छन् ।

गुणस्तरीय शिक्षाको एक प्रमुख विकल्पका रूपमा स्थापित भएका छन् ।

यी विद्यालयहरूले अंग्रेजी माध्यम शिक्षा, आधुनिक प्रविधि प्रयोग, अनुशासित शैक्षिक वातावरण तथा विविध अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीलाई प्रतिस्पर्धी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

यी विद्यालयहरूले शैक्षिक नवप्रवर्तनमा उल्लेखनीय योगदान पुऱ्याएका भए पनि नीति परिवर्तनको अनिश्चितता तथा शुल्क नियमनसम्बन्धी अस्पष्टताले संस्थागत विद्यालयहरूको दीर्घ कालीन स्थायित्वमा केही चुनौती सिर्जना गरेको छ। यद्यपि बढ्दो सञ्चालन लागत, नीतिगत अस्थिरता र सामाजिक आलोचना का कारण यिनीहरू विभिन्न चुनौतीहरूको सामना गर्दै गम्भीर मोडमा पुगेको अनुभव गरिरहेका छन् ।

१. के सस्थागत विद्यालयहरू नाफा प्रेरित मात्र हुन् ?

संस्थागत विद्यालयहरूले व्यक्तिगत लगानी तथा ऋणको समुचित प्रयोग गरी सरकारबाट कुनै किसिमको आर्थिक सहयोग वा सहुलियतबिना सहज र विषम दुवै परिस्थितिमा शिक्षामा पहुँच र गुणस्तर दुवैमा योगदान गरेका छन् । संस्थागत विद्यालयहरूले गुणस्तरीय शिक्षा चाहने, व्यस्त परिवार तथा सरकारी विद्यालयमा पुग्न नसक्ने परिवारका लागि वैकल्पिक अवसरहरू निर्माण गरेका छन् ।

त्यसैगरी संस्थागत विद्यालय हरूले आफ्नै स्रोतमा कमजोर आर्थिक अवस्थाका र जेहेन्दार विद्यार्थीहरूका लागि हरेक वर्ष १० प्रतिशतभन्दा बढी छात्रवृत्ति दिने गरेका छन्। साथै संस्थागत विद्यालयहरूले शुल्क लिएर समाजमा गुणस्तरीय शिक्षा पनि दिइरहेका छन् ।

त्यसैले पनि नेपाली संस्थागत विद्यालयहरू सेवा र व्यवसाय दुवै हुन् र यसलाई नाफा प्रेरित मात्र भनी व्यवहार गर्नु अन्याय हुन्छ । नेपालको हरेक नीति-कानुनले समेत संस्थागत विद्यालयहरूलाई देशको शिक्षा क्षेत्रको अभिन्न अंग भनी व्याख्या गरेको छ ।

संस्थागत विद्यालयमा रहेका समस्याहरूलाई सम्बन्धित सरोकार वालाको समन्वयमा सुधार गर्न सके संस्थागत विद्यालयहरू सामाजिक सेवाका उपभोक्ता र शिक्षार्थीका मागलाई ख्याल गर्दै गुणस्तरीय शिक्षा कायम गर्न अझ बढी लगानी र मेहनत गर्ने प्रयास गर्नेछन् ।

२. के निजी विद्यालयहरूमा आर्थिक चुनौती छैन ?

संस्थागत विद्यालयहरूले सरकारी विद्यालयको तुलनामा बढी आर्थिक भार वहन गर्नुपर्ने अवस्था देखिन्छ । पछिल्ला वर्षहरूमा शिक्षामा देखिएको मुद्रास्फीतिले यस दबाबलाई अझ बढाएको छ । अन्तर्राष्ट्रिय स्तर–जस्तै अस्ट्रेलिया र युरोपसँग तुलना गर्दा नेपालमा पनि शिक्षण सामग्री (पुस्तक, प्रविधि तथा उपकरण) र शिक्षक तलब क्रमशः महँगो हुँदै गएको छ ।

यसका कारण विद्यालयहरूले शिक्षक तलब वृद्धि, भवन भाडा, पूर्वाधार सुधार तथा गुणस्तरीय सेवा सुनिश्चित गर्न आवश्यक अन्य खर्चहरू धान्नुपर्ने भएकाले शुल्क वृद्धि अपरिहार्य जस्तो देखिएको छ ।

सरकारले शिक्षकको न्यूनतम तलब ३२ हजार रूपैयाँ निर्धारण गरेको भए पनि धेरै संस्थागत विद्यालयमा शिक्षकहरूले अझै १५ हजारदेखि ३० हजार रूपैयाँसम्म मात्र तलब पाउने अवस्था छ। यसले एकातर्फ शिक्षकको जीवनस्तरमा चुनौती सिर्जना गरेको छ भने अर्कोतर्फ विद्यालय व्यवस्थापन पनि आर्थिक दबाबमा परेको देखिन्छ ।

समग्रमा, बढ्दो जीवनयापन खर्च, शिक्षण सामग्रीको महँगी र अन्तर्राष्ट्रिय स्तर अनुसारको गुणस्तर कायम गर्नुपर्ने दायित्वका कारण संस्थागत विद्यालयहरू गम्भीर आर्थिक चुनौती सामना गरिरहेका छन् ।

आर्थिक चुनौती नबुझी वा बुझ्ने प्रयास नगरी संस्थागत विद्यालयलाई एकोहोरो रूपमा खराब देखाउने प्रवृत्ति, माफियाकरण वा लुटेरा जस्तो व्यवहार गर्ने प्रवृत्तिले अन्ततः समाज र देशलाई नै हानि गर्छ ।

३. के सबै विद्यालयलाई एउटै मापदण्डमा राख्न मिल्छ ?

सबै विद्यालयलाई एउटै मापदण्डमा राखेर मूल्यांकन गर्नु उपयुक्त हुँदैन। विद्यालयको स्थान, उद्देश्य, स्रोत-साधन तथा सेवास्तर अनुसार तिनको संरचना, सुविधा र शुल्क फरक फरक हुन्छ ।

उदाहरणका लागि, केही उच्चस्तरीय वा विशेष प्रकृतिका विद्यालयहरू-जस्तै सानो कक्षा आकार, अन्तर्राष्ट्रिय पाठ्यक्रम र उन्नत सिकाइ वातावरण भएकामा शुल्क स्वाभाविक रूपमा उच्च हुन्छ । यस्ता विद्यालय हरूमा अत्याधुनिक प्रयोगशाला, समृद्ध पुस्तकालय, प्रविधिमैत्री कक्षा र अंग्रेजी माध्यममा शिक्षण जस्ता सुविधाहरू उपलब्ध हुन्छन् ।

अर्कोतर्फ, सीमित पुँजी र स्रोत भएका साना संस्थागत विद्यालयहरू वा ग्रामीण क्षेत्रका विद्यालयहरूमा शुल्क तुलनात्मक रूपमा कम हुन्छ । युनेस्कोले पनि गुणस्तरीय शिक्षा कुनै एकल पक्ष (सरकारी वा निजी) को विशेषाधिकार होइन र संस्थागत विद्यालय क्षेत्रमा व्यापक विविधता पाइन्छ भन्ने कुरामा जोड दिएको छ ।

यसले सबै संस्थागत विद्यालय लाई एउटै स्तरमा राखेर मूल्यांकन गर्न नमिल्ने तथ्य स्पष्ट पार्छ ।

नेपालकै सन्दर्भमा पनि केही विद्यालयहरू, जस्तै सेन्ट जेभियर्स र बुढानिलकण्ठ स्कुल, सरकारी जग्गा र सहयोग प्राप्त गरे पनि समकालीन संस्थागत विद्यालयभन्दा निकै महँगा छन् । तथापि उच्चस्तरीय सेवा र सुविधा प्रदान गर्ने रूपमा चिनिन्छन् ।

स्थानीय तहहरूले पनि विद्यालयले प्रदान गर्ने सुविधा, पूर्वाधार र सेवास्तरका आधारमा नियमित रूपमा शुल्क पुनरवलोकन गरी निर्धारण वा स्वीकृति दिने अभ्यास अपनाउनुपर्छ ।

यसैबीच, सामुदायिक विद्यालय हरूमा शिक्षण निःशुल्क भए पनि अंग्रेजी माध्यम अभ्यास, आधुनिक प्रविधि प्रयोग तथा स्रोत-सुविधा भएका केही विद्यालयहरूले शुल्क लिइरहेको पाइन्छ । यसैले विद्यालय को वित्तीय स्रोत, उद्देश्य र लक्षित विद्यार्थी समूह अनुसार शुल्कमा भिन्नता हुनु स्वाभाविक मात्र होइन, न्यायोचित पनि मानिन्छ ।

४. के निजी विद्यालयले हरेक वर्ष किताब परिवर्तन गर्छन् ?

विद्यालयहरूले हरेक वर्ष पाठ्यपुस्तक परिवर्तन गर्छन् भन्ने आरोप प्रायः अतिरञ्जित रूपमा प्रस्तुत हुने गरेको छ । यो धारणा आंशिक रूपमा गलत बुझाइमा आधारित देखिन्छ ।

पाठ्यपुस्तक परिवर्तन सामान्यतया पाठ्यक्रम सुधार, नयाँ विषयवस्तुको समावेश वा देखिएका त्रुटिहरू सच्याउन आवश्यक पर्दा मात्र गरिन्छ। वास्तवमा, पाठ्यपुस्तक परिवर्तनको मुख्य उद्देश्य पाठ्यक्रमलाई अद्यावधिक राख्नु, विषयवस्तु सान्दर्भिक बनाउनु तथा शिक्षण अझ अभ्यासमुखी बनाउनु हो ।

विशेषगरी विज्ञान, सूचना प्रविधि र व्यवस्थापन जस्ता विषयहरूमा ज्ञान तथा प्रविधि तीव्र गतिमा परिवर्तन भइरहन्छ। यस्तो अवस्थामा पुराना सामग्री छिट्टै अप्रासंगिक हुन सक्छन्, जसले गर्दा नयाँ तथा सुधारिएको पाठ्यसामग्री आवश्यक पर्छ ।

त्यसैगरी, वर्कबुक आधारित सिकाइ पद्धतिमा विद्यार्थीहरूले पुस्तकमै अभ्यास गर्नुपर्ने भएकाले ती पुस्तक पुनः प्रयोग गर्न कठिन हुन्छ र हरेक वर्ष नयाँ पुस्तक आवश्यक पर्न सक्छ। अन्तर्राष्ट्रिय अभ्यासमा पनि शिक्षण सामग्री समयानुकूल बनाइराख्न नियमित रूपमा डिजिटल कन्टेन्ट अद्यावधिक गर्ने चलन बढ्दो छ ।

यसले सिकाइ प्रक्रिया सान्दर्भिक, प्रभावकारी र व्यावहारिक बनाउने लक्ष्य राख्छ ।

पाठ्यक्रम सुधार आवश्यक भए पनि त्यसलाई पुस्तक व्यवसायसँग जोडेर दुरूपयोग गर्न नहुने विषयमा संस्थागत विद्यालय सजग हुन भने जरूरी रहन्छ ।

अर्कोतर्फ, पाठ्यपुस्तक प्रकाशन तथा वितरणको जिम्मेवारी सरकारी निकायहरूको निर्देशन अनुसार सञ्चालन हुन्छ । यस सन्दर्भमा संस्थागत विद्यालयहरू केवल आफ्नो इच्छा अनुसार पुस्तक परिवर्तन गर्ने अवस्थामा हुँदैनन् ।

तर उनीहरूले सरकारी नीति, पाठ्यक्रम सुधार, समयानुकूल सीप र ज्ञानमा भएको परिवर्तन अनुसार पुस्तक थप वा परिवर्तन गर्नु अधिकार र दायित्व दुवै हुन् । यसैले पाठ्यपुस्तक परिवर्तनलाई केवल अनावश्यक खर्चको रूपमा मात्र हेर्नु उपयुक्त हुँदैन; बरु यसलाई गुणस्तरीय र समयसापेक्ष शिक्षाको एक महत्वपूर्ण अङ्गका रूपमा बुझ्न आवश्यक छ ।

५. के वर्तमान लागतमा निजी विद्यालय सञ्चालन सम्भव छ ?

बढ्दो बजार मूल्य, आधुनिक प्रविधिको तीव्र विकास र परिवर्तन शील शिक्षा प्रणालीका कारण विद्यालय सञ्चालन दिनप्रतिदिन जटिल र चुनौतीपूर्ण बन्दै गएको छ ।

विशेषगरी संस्थागत विद्यालय हरूले गुणस्तरीय शैक्षिक वातावरण सुनिश्चित गर्न निरन्तर नयाँ प्रविधि, उपकरण र अद्यावधिक पाठ्यक्रम अवलम्बन गरिरहेका छन् ।

हालका वर्षहरूमा धेरै संस्थागत विद्यालयहरूले अन्तर्राष्ट्रिय स्तरका पाठ्यक्रम, सुसज्जित कम्प्युटर प्रयोगशाला, मोबाइल लर्निङ प्रणाली तथा प्रविधिमा आधारित शिक्षण विधिहरू समावेश गरेका छन्। यस्ता पहलहरूले सिकाइको गुणस्तर र नतिजामा सकारात्मक प्रभाव पार्ने भए पनि यसका लागि थप आर्थिक लगानी आवश्यक पर्छ ।

फलस्वरूप, शिक्षक तलब, भवन निर्माण र मर्मत, सूचना प्रविधि उपकरण, अतिरिक्त कक्षा तथा सह-पाठ्यक्रम गतिविधिहरूको खर्च व्यवस्थापन गर्न शुल्क वृद्धि अपरिहार्य बन्छ ।

आजको शिक्षा पाठ्यपुस्तकमा सीमित छैन । प्रयोगात्मक सिकाइ, फिल्ड भिजिट, को-करिकुलर तथा एक्स्ट्रा-करिकुलर गतिविधि, करिअर एक्सपोजर जस्ता पक्षहरू अनिवार्य जस्तै भइसकेका छन् ।

उदाहरणका लागि, होटल व्यवस्थापन, विज्ञान वा प्रविधि सम्बन्धी विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई प्र्याक्टिकल ट्रेनिङ र प्रयोगशाला अनुभव उपलब्ध गराउनुपर्ने हुन्छ, जसको लागत उल्लेखनीय हुन्छ । यसले स्पष्ट पार्छ कि गुणस्तरीय र प्रविधिमैत्री शिक्षा सरकारी आर्थिक सहयोग बिना निजी लगानीमा मात्र सस्तो रूपमा सञ्चालन गर्न कठिन छ ।

नीतिगत पक्षमा हेर्दा नेपाल सरकारले सन् २०१५ मा संस्थागत विद्यालयहरूको शुल्कसम्बन्धी निर्देशिका जारी गरेको थियो। तर त्यसयता भएको आर्थिक, सामाजिक तथा प्रविधिगत परिवर्तन-जस्तै महँगी, पूर्वाधार विस्तार, पाठ्यक्रम अद्यावधिक र प्रविधि प्रयोगलाई समुचित रूपमा समेट्न निर्देशिकामा नियमित संशोधन भएको देखिँदैन ।

फलस्वरूप वर्तमान आवश्यकता र व्यवहारसँग असान्दर्भिक हुने अवस्था सिर्जना भएको छ ।

त्यस्तै, एउटा कानुनी ढाँचा अनुसार स्थापित तथा विकसित हुँदै आएका संस्थागत विद्यालयहरूलाई परिवर्तित सन्दर्भ अनुसार अद्यावधिक नगरिएको अर्को कानुनी व्यवस्थाभित्र समेट्न खोज्दा व्यवहारिक कठिनाइ र नीतिगत असमञ्जस्य उत्पन्न भएको देखिन्छ ।

त्यसैले समयानुकूल नीतिगत सुधार, शिक्षा विकास र खर्च धान्ने शुल्क निर्धारण पद्धति तथा गुणस्तरीय शिक्षामा लगानीको सन्तुलन अत्यावश्यक छ ।

यदि आर्थिक दायित्वहरूलाई व्यवस्थित रूपमा व्यवस्थापन गर्न सकियो भने यस्ता विद्यालयहरू बजार अनुकूल ढंगले सञ्चालन हुँदै नयाँ प्रविधि अपनाउन सक्षम हुन सक्छन्, अन्यथा यी विद्यालयहरू धराशायी हुने निश्चित छ ।

६. के निजी विद्यालय सरकारको शिक्षा प्रणालीको भाग होइनन् ?

संस्थागत विद्यालयहरू सरकार का प्रत्यक्ष अंग होइनन् र उनीहरूले नियमित सरकारी अनुदान प्राप्त गर्दैनन्। शिक्षा ऐन, २०२८ अनुसार संस्थागत विद्यालयहरूलाई स्पष्ट रूपमा शुल्कमा आधारित, स्व-व्यवस्थित शैक्षिक संस्थाका रूपमा परिभाषित गरिएको छ ।

अर्थात्, यस्ता विद्यालयहरू

वांकी ५ पेजमा...

# मोरंगको धनपालथान गाउँपालिका वडा नं. ४ मा रहेका मन्दिरको परिचय

**श्याम सुन्दर सुतिहार**

**२. संकट मोचन हनुमान मन्दिर**

धनपालथान-४ को कर्सिया बजारको बिपी चोकदेखि करिब एक किलोमिटर दक्षिणमा संकटमोचन हनुमान मन्दिर रहेको छ। उत्तर-दक्षिण कालोपत्रे सडकको पूर्वपट्टि संकटमोचन रहेको छ भने पश्चिमपट्टि संकटमोचन हनुमान मन्दिर अवस्थित रहेको छ ।



उक्त मन्दिरको ईतिहास खोज्दै जाँदा २०५८ सालमा भारतबाट रामदास नाम गरेको बैरागी बाबा घुम्दै कर्सियामा आइपुगे । उक्त बाबा रामभक्त थिए । त्यहाँको व्यक्तिहरूलाई बैरागी बाबाले यो टोलमा मन्दिर नभएको स्मरण गराउँदै मन्दिर स्थापना गर्दा राम्रो हुन्छ भनी सल्लाह दिए । त्यसपछिनजिकै रहेको खाली जमिनमा आफूसँग रहेको राम अंकित झण्डागाडीदिए ।

त्यही वर्ष फागुन महिनामा कर्सिया चोकमा १ सय ८ वटा मूर्ति राखेर कोटीहोम गरिने भयो । त्यहीबेला धनपालथान गाउँपालिका का पूर्व अध्यक्ष हरिलाल सिंहको मनमा पनि मन्दिर स्थापना गर्नुपर्छ भन्ने सोच आएछ । उहाँले यो कुरा संकटमोचन हनुमान मन्दिरको व्यवस्थापन समिति अध्यक्ष कारु गच्छदारलाई बताउनु भयो। नभन्दै उनले कोटीहोमका लागि बनाइने १ सय ८ वटा मूर्तिहरूमध्ये एउटा मूर्ति सिमेन्टको बनाउन लगाइए को, बाँकी माटाका थिए ।

कोटीहोम समापन भएपछि अरु मूर्ति खोलामा लगेर सेलाइयो । सिमेन्टले बनेको हनुमानको मूर्ति त्यही मन्दिरमास्थापना गरियो । त्यसबेला खाली ठाउँमा वरपीपलको बोट थियो । त्यही पीपलको बोटमुनि २०५९ सालमा सानो परालको छाप्रो बनाएर हनुमानको मूर्ति स्थापित गरी पूजा गर्नथालिएको, अध्यक्ष कारु गच्छदारले बताए ।

करिब १३ कठ्ठा ऐलानी जग्गा रहेको उक्त ठाउँमा २०६९ सालमा विभिन्न दाता र जनसमुदायको सहयोगमा पक्की मन्दिरनिर्माण गरिएको थियो । अर्थात, पीपलको बोटमुनि राखिएको हनुमानको मूर्तिलाई पक्की मन्दिरमा स्थापित गरियो । संकटमोचन हनुमान मन्दिरको पूजारी चन्दन झाले मन्दिरमा हरेक दिन बिहान पूजा र साँझमा आरति हुनेगर्दछ। हरेक हप्ता मंगलबार मन्दिरमा भजन किर्तन हुने गरेको छ ।

मन्दिरमा वर्षमा दुई चोटि ठूलो पूजा गरिन्छ । पहिलो,हनुमान जयन्तीको दिन मन्दिरमा खिर, फलफूल, मिठाई लगायत सामग्री चढाई विशेष पूजा गरिन्छ । मानस यज्ञ लगायत हरे राम हरे कृष्ण ध्वनिको श्री श्री श्री १०८ अष्टजाम, मन्त्र उच्चारण लगायतको धार्मिक र माङ्गलिक कार्य गरिन्छ । दोस्रो, लक्ष्मी पूजाको एक दिन । पहिले ध्वजा फेर्ने, दीप बाल्ने, भण्डारा गर्ने लगायत विभिन्न धार्मिक अनुष्ठान गरिन्छ ।

मन्दिर व्यवस्थापन स अध्यक्ष कारु गच्छदारले बताए अनुसार मन्दिरप्रतिको आस्था र धार्मिक विश्वासको कारण भक्तजन हरूत्यहाँ आई पूजा अर्चना गर्दछन् । मन्दिरको दक्षिणपट्टि एउटा पोखरीछ । मन्दिर क्षेत्रमा छ वटा टिनको छानो भएका पक्की कोठाहरू छन् । दुई वटा पक्की शौचालय र छ वटा पंखा, एउटा हवन कुण्ड रहेको छ ।

पानी र बिजुली बत्तिको व्यवस्था छ। गेटबाहिर दुईवटा सटरहरू रहेका छन् । उक्त मन्दिरमा मुण्डन, विवाह, भन्डारा लगायत विभिन्न धार्मिक कार्यहरू हुने गरेका छन् ।

# लागुऔषध सहित १४ जना पक्राउ

विराटनगर । झापा,मोरङ, सुनसरी र इलामबाट लागू औषध सहित १४ पक्राउ गरिएको छ ।

वैशाख ११ गते झापाको भद्रपुर नगरपालिका-५ स्थितमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर-१० का राजु कुमार राजबंशी, अर्जुनधारा-८ का सलुन रसाईली र बिर्तामोड-३ का पारस प्रसाईलाई ९ ग्राम २३० मिलिग्राम, बिर्तामोड-४ का रोहित शर्मा र दिपक श्रेष्ठलाई ६ ग्राम १७० मिलिग्राम, मेचिनगर-१० का गुलाम रसुल मियाँलाई ५०० मिलिग्राम, भद्रपुर-५ का कन्चन राजबंशी लाई ५३० मिलिग्राम ब्राउन सुगर सहित, प्रहरी चौकी जलथलले हल्दिबारी गाउँपालिका -३ का प्रतीक तामाङ र प्रीतम तामाङलाई २५० मिलिग्राम ब्राउन सुगर सहित र प्रहरी चौकी धरमपुरले शिवसताक्षी-१ का सुदिप बिशुङ्केलाई २१४ पिस प्रतिबन्धित औषधी सहित पक्राउ गरेको थियो ।

मोरङको विराटनगर महा नगरपालिका-१५ स्थितमा इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले बेलबारी- ४ का मन कुमार राईलाई ५ ग्राम ८० मिलिग्राम ब्राउन सुगर सहित, सुनसरीको इनरुवा नगरपालिका-४ स्थितमा अस्थायी प्रहरी चौकी बसपार्कले इनरूवा-७ का श्रवण कुमार उरावलाई ५०० मिलिग्राम ब्राउन सुगर सहित र इलामको सुर्योदय नगरपालिका-११ स्थितबाट सोही स्थानका विवेक राई र उदित राईलाई ११० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।पक्राउ गरेको सबै जनाको थप अनुसन्धान भइ रहेको छ ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुरक्षा अस्पताल प्रा.लि. परिवार
विराटनगर, विरेन्द्र सभागृह अगाडी

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

संतोष बस्नेत (निर्माण व्यवसायी)
स्वामी नारायण निर्माण सेवा प्रा.लि.

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सगरमाथा उच्च माध्यमिक
विद्यालय परिवार

**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कोशी हेल्थ इन्सिटच्यूट
परिवार, विराटनगर

# शान्ति सुरक्षा प्रभावकारी बनाउन प्रविधीयुक्त ड्रोन क्यामराको समुद्घाटन



विराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले मोरङको इलाका प्रहरी कार्यालय लेटाङको निरीक्षण तथा अवलोकन गर्नुका साथै हिरासत पुस्तकालय र प्रहरीमा प्रविधि मैत्री प्रणालीलाई जोड दिदै लेटाङ एरिया इलाकामा शान्ति सुरक्षा प्रभावकारी बनाउन प्रविधियुक्त ड्रोन क्यामेराको उद्घाटन गरेको छ ।

निरीक्षण अवलोकन तथा उद्घाटन कार्यक्रमलाई सम्वोधन गर्दै प्रदेश प्रहरी प्रमुख घिमिरेले दिनानुदिन जटिल, सूक्ष्म तथा प्रविधिको प्रयोग गरी हुने अपराधको स्वरूपलाई मध्यनजर गर्दै प्रहरीलाई प्रविधिमा आधारित बनाउदै लैजान इलाका प्रहरी कार्यालय लेटाङले सुरु गरेको ड्रोन क्यामेरा प्रविधि समयसापेक्ष तथा नवप्रवर्तनशील कदम रहेको वताए ।

लेटाङ क्षेत्रमा पहाडी डाँडा पाखा, घना वन जंगल, नदी-नाला तथा दुर्गम भेगहरूले भरिएको एरिया इलाकाहरुमा प्रहरीको मोवायल तथा पैदल गस्ती र निगरानीले मात्र प्रहरीको पहुँच पर्याप्त नहुने भएकाले ड्रोन क्यामेराको प्रयोगले सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउने विश्वास व्यक्त गरेकोछ । वहाँले आचरण व्यवहारमा सकारात्मक परिवर्तनका लागि "थुनुवाहरूलाई हात-हातमा किताब" भन्ने उदेश्यका साथ हिरासत पुस्तकालयको स्थापनाले हिरासतमा रहेका व्यक्तिहरूले समयलाई आत्मनिरीक्षण, अध्ययन र सकारात्मक सोचतर्फ उन्मुख गर्न मार्ग प्रशस्त गर्ने विश्वास व्यक्त गरेका थिए । कार्यक्रममा प्रदेश प्रहरी प्रमुख घिमिरेले उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई प्रसंशा-पत्र तथा नगद पुरस्कार द्वारा पुरस्कृत गरेको थियो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक कबित कटुवाल, प्रदेश प्रहरी गण विराटनगरका प्रहरी उपरीक्षक रुकेश तण्डुकार, पुर्वि पृतना लेटाङ शिक्षालयका प्रमुख सेनानी सरोज कार्की, स्थानिय जनप्रतिनिधिहरु, बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, समाजसेवी, बुद्धीजिवी लगायत संचार कर्मीहरुको उपस्थिति रहेको थियो ।

इलाका प्रहरी कार्यालय, लेटाङको जिम्मेवारी क्षेत्रभित्र शान्ति सुरक्षा, अपराध अनुसन्धान, ट्राफिक निगरानी, खोला नालामा हुने अवैध उत्खनन, चोरी-तस्करी लगायत आपराधिक गतिविधि हरूलाई नियन्त्रण गर्न तथा आपतकालिन अवस्थामा शिघ्र प्रहरीको पहुँच सुनिश्चित गर्न प्रविधि युक्त ड्रोन क्यामेराबाट निगरानी बढाई प्रहरी कार्यलाई थप प्रभावकारी, छिटो छरितो तथा प्रविधिमैत्री बनाई समाजमा शान्ति सुरक्षा कायम राखि नागरिक र प्रहरीको सम्बन्ध सुदृढ बनाउन इलाका प्रहरी कार्यालय लेटाङ सकृय रहनेछ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

# लागुऔषध ब्राउन सुगर र गाँजा सहित १४ पक्राउ

विराटनगर । झापा, सुनसरी, इलाम र उदयपुरबाट लागू औषध ब्राउन सुगर सहित १२ जनालाई प्रहरीले पक्राउ परेका छन ।

चेकजाँचको क्रममा प्रहरीले भद्रपुर नगरपालिका(४ स्थितबाट १६ ग्राम ५१० मिलिग्राम ब्राउन सुगर सहित पाचँथर फिदिमका भिमराज खजुम, राजमान राई, लक्ष्मण लिम्बु र भद्रपुर(५ का सुमन मुखियालाई पक्राउ गरेको थियो ।

त्यसै गरी झापा गाउँपालिका(४ बाट शिवसताक्षी नगरपालिका(११ का मदन मिश्रलाई ३ ग्राम ८९ मिलिग्राम ब्राउन सुगर सहित, सुनसरीको धरान(८ बाट सोहि स्थानका तुफान बिश्वकर्मालाई ३ ग्राम ९३० सहित, कोशी गाउँपालिका(१ बाट बराक्षेत्र नगरपालिका(३ का जिवन कार्की, अनिल राजधामी, ईटहरी(७ का राजेश चौधरी र नविन चौधरीलाई २ ग्राम १९ मिलिग्राम ब्राउन सुगर सहित र इलामको इलाम नगरपालिका(९ बाट सोही स्थानका सुधिर अधिकारी र पार्वता चौहान अधिकारीलाई १ ग्राम ५ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरिएको छ । ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

उदयपुरको अस्थायी प्रहरी पोष्ट कोठुबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले वैशाख १० गते उदयपुरको बेलका नगरपालिका(८ स्थितबाट प्र.०१(००१ ह १८८१ नम्बरको अटोबाट २७ किलोग्राम गाँजा सहित चालक बेलका नगरपालिका(८ का अशोक राईलाई पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय रानी र लागू औषध नियन्त्रण ब्यूरो विराटनगरले विराटनगर महानगरपालिका(१५ स्थितबाट निट्राजेपाम ९० ट्याब्लेट सहित मोरङ सुन्दरहरैचा(२ का २० वर्षीय सुदिप उराउलाई पक्राउ गरको छ भने इलाका प्रहरी कार्यालय उर्लावारी मोरङले उर्लावारी(९ का बल बहादुर श्रेष्ठको घरबाट बिभिन्न प्रकारका लागू औषध क्याप्सुल १४० र ४८५ ट्याब्लेट बरामद गरिएको थियो ।

पक्राउ परेका सवै उपर थप अनुसन्धान भइ रहेको सम्वन्धित प्रहरी कार्यालयले जनाएको छ ।

# लागुऔषध ब्राउन सुगर सहित ८ पक्राउ

विराटनगर । झापा, मोरङ, सुनसरी र उदयपुरबाट लागू औषध ब्राउन सुगर सहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बैशाख ९ गते झापाको अर्जुनधारा नगरपालिका-११ स्थितबाट लागू औषध नियन्त्रण ब्यूरो काँकरभिट्टा, इलाका प्रहरी कार्यालय अनारमनी र अस्थायी प्रहरी बिट बसपार्कबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सोहि स्थानका २५ बर्षीय संजोग राई, २५ बर्षीय रुपेश दर्जी र ३७ बर्षीय अमृत दर्जीलाई २७ ग्राम ८३० मिलिग्राम ब्राउन सुगर र बा. ४० प ३९९४ नम्बरको मोटरसाईकल सहित नियन्त्रणमा लिएको थियो ।

त्यस्तै सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-३ बाट

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देव किशन मुन्दडा
देवेनारा ग्रुप परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टिका पुरी (प्रमुख)
ऐभरेष्ट सेकेन्डरी स्कुल परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र राउत
राउत कन्स्ट्रक्सन परिवार, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पवन सारडा अध्यक्ष
परिसंघ कोशी प्रदेश

## के निजी...

आफ्नै स्रोतबाट सञ्चालन हुन्छन्, तर राष्ट्रिय पाठ्यक्रम, परीक्षा प्रणाली र शैक्षिक मापदण्डबाट भने अलग रहन सक्दैनन्।

यस सन्दर्भमा संस्थागत विद्यालय र सरकारबीचको सम्बन्ध साझेदारी भन्दा बढी नियमन र समन्वयमा आधारित देखिन्छ। सरकारद्वारा तय गरिएका नीति, पाठ्यक्रम र मूल्यांकन प्रणाली अनुसार विद्यालयहरूले सञ्चालन गर्नुपर्ने बाध्यता हुन्छ, जबकि आर्थिक पक्षमा उनीहरू स्वायत्त रहन्छन्।

सोही कारण ठूलो लगानी, ऋण र जोखिम बहन गरेका संस्थागत विद्यालय सञ्चालकहरूले 'कम्पनी मोडलमै सञ्चालन भइरहेका संस्थालाई जबर्जस्ती गैरनाफामुखी बनाउने प्रयास व्यावहारिक हुने' भन्दै असन्तुष्टि व्यक्त गरेका थिए। सले नीतिगत स्पष्टता र सन्तुलनको आवश्यकता औंल्याउँछ।

यथार्थमा संस्थागत विद्यालयहरूले सरकारको योजना अनुसार पाठ्यक्रम कार्यान्वयन, परीक्षा प्रणाली र गुणस्तर मापदण्ड पालना गर्नुपर्छ। तर त्यससँगै सरकारले पनि यस क्षेत्रमा गरिएको निजी लगानी, त्यसको प्रतिफल, यसको योगदान र अस्तित्वको सुरक्षा सुनिश्चित गर्ने स्पष्ट नीति र वातावरण प्रदान गर्नु आवश्यक हुन्छ।

संक्षेपमा, संस्थागत विद्यालयहरू कानुनी रूपमा स्वतन्त्र इकाइहरू (शुल्कमा आधारित सञ्चालन, आर्थिक तथा व्यवस्थापनमा स्वायत्तता) भए पनि राष्ट्रिय शिक्षा प्रणालीअन्तर्गतका नियमनकारी प्रावधानहरू पालना गर्ने जिम्मेवार पक्षका रूपमा स्थापित छन्।

७. के संस्थागत विद्यालयमा पढ्नु अनिवार्य छ ?

नेपालमा शिक्षा अनिवार्य छ, तर संस्थागत विद्यालयमै पढ्नुपर्ने बाध्यता भने छैन। निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ ले प्रत्येक बालबालिकालाई नजिकको विद्यालयमा अनिवार्य रूपमा अध्ययन गराउने व्यवस्था गरेको छ। यसको अर्थ राज्यको प्राथमिक दायित्व सबैका लागि शिक्षा सुनिश्चित गर्नु हो, न कि कुनै विशेष प्रकारको विद्यालय रोज्न बाध्य पार्नु।

नेपालमा शिक्षा प्राप्त गर्ने विभिन्न विकल्पहरू उपलब्ध छन्। सामुदायिक विद्यालय, संस्थागत (निजी) विद्यालय तथा अन्य वैकल्पिक शिक्षा प्रणाली। संस्थागत विद्यालयमा अध्ययन गर्नु बाध्यता होइन; तर धेरै अभिभावकहरूले गुणस्तर, अनुशासन, अंग्रेजी माध्यम तथा एक्सपोरका कारण यो विकल्प रोज्छन्।

यसलाई छनोटमा आधारित प्रणालीका रूपमा बुझ्न सकिन्छ, जहाँ अभिभावकले आफ्नो आवश्यकता, क्षमता र अपेक्षा अनुसार निर्णय लिन्छन्।

कानुनी व्यवस्था अनुसार अभिभावकलाई आफ्ना बालबालिकालाई बसोबास नजिकको 'उपयुक्त विद्यालय' मा भर्ना गराउने दायित्व दिइएको छ। यदि स्थानीय तहले नजिकै विद्यालय उपलब्ध गराउन सकेन भने नयाँ विद्यालय स्थापना गर्ने वा वैकल्पिक व्यवस्था मिलाउने जिम्मेवारी पनि राज्यकै हुन्छ।

त्यसैले संस्थागत विद्यालयलाई गाली गर्नुभन्दा, आर्थिक रूपमा बोझिलो हुने भए अभिभावकहरूले आफ्ना बाबुनानीलाई नजिकको सामुदायिक विद्यालयमा राखी संस्थागत विद्यालयलाई सुधार्ने मौका दिन सकिन्छ।

समग्रमा, विद्यालय छनोट अभिभावकको अधिकार र प्राथमिकतामा आधारित विषय हो, बाध्यता होइन।

८. के दुई दिन बिदा प्रणालीले शिक्षा गुणस्तरमा असर गर्छ ?

२०८३ सालदेखि नेपालको शैक्षिक वर्ष अप्रिलको अन्तिम साताबाट सुरू गरी शनिवार-आइतबार दुई दिनको साप्ताहिक बिदा लागू गर्ने निर्णय कार्यान्वयनमा आएको छ।

पाँच दिने विद्यालय प्रणालीलाई केवल 'पढाइ घटाउने' का रूपमा बुझ्न उपयुक्त हुँदैन। यसले शिक्षण-सिकाइको ढाँचामा गुणात्मक परिवर्तन ल्याउने सम्भावना पनि बोकेको छ। यो प्रणालीले विद्यार्थीहरूको मानसिक स्वास्थ्य, स्वअध्ययन, सिर्जनशीलता तथा पारिवारिक सन्तुलनमा सकारात्मक प्रभाव पार्न सक्छ।

अन्तर्राष्ट्रिय अभ्यासमा पनि यस्ता मोडल अपनाइएका छन्, जहाँ प्रभावकारी समय व्यवस्थापन गरिएमा पाठ्यक्रम पूरा गर्न कुनै विशेष समस्या नदेखिएको निष्कर्ष पाइन्छ। त्यसैले यसलाई गुणस्तर घटाउने होइन, सुधार गर्ने अवसरका रूपमा लिन सकिन्छ।

तर यसको प्रभावबारे मिश्रित धारणा पनि देखिएका छन्।

शिक्षक महासंघले अतिरिक्त दुई दिनको बिदाले पाठ्यक्रम समयमै सम्पन्न गर्न चुनौती थप्न सक्ने र विद्यालयहरूले आफ्नो शैक्षिक तालिका पुनः व्यवस्थित गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

त्यस्तै संस्थागत विद्यालय सञ्चालकहरूले पनि शनिवार-आइतबार बिदा हुनु सकारात्मक भए पनि पाठ्यक्रम अनुसार समय व्यवस्थापन गर्न थप तयारी आवश्यक हुने बताएका छन्।

हालसम्म यस प्रणालीको दीर्घकालीन प्रभावबारे ठोस अध्ययन उपलब्ध नभए पनि प्रारम्भिक रूपमा यदि शिक्षण समयलाई थप व्यवस्थित गरियो, आवश्यक परे अनावश्यक सरकारी बिदा कटौती गर्ने अभ्यास गरियो भने गुणस्तरमा सुधार सम्भव छ।

यसरी दुई दिनको सप्ताहन्तले विद्यार्थी र अभिभावकलाई राहत दिने भए पनि यसको सफलता शिक्षण पद्धति, समय व्यवस्थापन र पाठ्यक्रम कार्यान्वयनमा गरिने सुधारमा निर्भर रहनेछ।

९. के निजी विद्यालय सञ्चालक 'माफिया' हुन् ?

यसप्रकारका सर्वसाधारण आरोपहरू लगाउनु उचित हुँदैन, किनकि सामान्यीकरण प्राय : यथार्थपरक हुँदैन। संस्थागत विद्यालयका सबै सञ्चालकलाई एउटै दृष्टिले हेर्नु न त न्यायसंगत हुन्छ, न त तथ्यमा आधारित नै। वास्तवमा धेरै संस्थागत विद्यालय सञ्चालकहरू शिक्षा क्षेत्रमा लगानी, प्रतिबद्धता र कर्तव्यपरायणताका साथ काम गर्दै आएका छन्।

धेरै निजी विद्यालय सञ्चालकहरू शिक्षाविद, उद्यमी तथा समाज सेवीका रूपमा दीर्घकालीन सोचसहित लगानी र जोखिम लिएर संस्था सञ्चालन गरिरहेका छन्। उनीहरूले रोजगारी सिर्जना, छात्रवृत्ति वितरण तथा शिक्षा पहुँच विस्तारमा महत्वपूर्ण योगदान दिएका छन्।

यस्तो सकारात्मक पक्षलाई बेवास्ता गर्दै नकारात्मक भाष्य मात्र प्रस्तुत गर्नुले शिक्षा क्षेत्रमा लगानी र विश्वास घटाउने मात्र होइन, बालबालिकाले आफ्नो विद्यालय र शिक्षकप्रति बनाउने धारणा र भाष्यले कालान्तरमा जोखिमपूर्ण समाज निर्माणमा सहयोग गर्ने र सबै पक्षलाई कमजोर बनाउने खतरा हुन्छ।

प्याब्सनले पनि स्पष्ट रूपमा 'संस्थागत विद्यालयहरू समस्या होइनन्, बरू नेपालको शिक्षा क्षेत्रका महत्वपूर्ण साझेदार हुन्' भन्ने धारणा राखेको छ। यसको अर्थ संस्थागत विद्यालयहरूमा कुनै समस्या वा कमजोरी छैनन् भन्ने होइन। समस्या देखिएमा त्यसलाई प्रभावकारी नियमनमार्फत समाधान गर्नुपर्छ।

तर केही अप ।दका आधारमा सम्पूर्ण सञ्चालकलाई नकारात्मक रूपमा चित्रण गर्नु उचित हुँदैन।

असल सञ्चालकहरूले शिक्षकको सुरक्षा, विद्यालय पूर्वाधार विकास, प्रविधि प्रयोग र छात्र सहायता (जस्तै छात्रवृत्ति) मा निरन्तर लगानी गरिरहेका हुन्छन्। त्यसैले गलत गर्नेहरूलाई कानुनी कारबाही गरिनुपर्छ। तर समग्र संस्थागत क्षेत्रले शिक्षा विकासमा पुऱ्याएको योगदान नकार्नु वा बेवास्ता गर्नु न्यायोचित हुँदैन।

१०. संस्थागत विद्यालयको सरकारसँग के अपेक्षा छन ?

८ संस्थागत विद्यालयहरूले सरकारसँग टकराव होइन, स्पष्ट नीतिगत वातावरण र सहकार्यको अपेक्षा राखेका छन्। उनीहरूको प्रमुख माग भनेको स्थिर नीति, लगानी-मैत्री वातावरण, पारदर्शी नियमन तथा शिक्षा सुधारमा सहकार्यको संरचना विकास गर्नु हो।

८ संस्थागत विद्यालयलाई शिक्षा क्षेत्रका साझेदारका रूपमा मान्यता दिन, कर सहुलियत, स्पष्ट र स्थिर नीति, अनावश्यक हस्तक्षेप विहीन नियमन तथा दीर्घकालीन लगानीको सुरक्षा प्रावधान सुनिश्चित गर्न तथा सरकार-निजी सहकार्य (पिपिपी) को मोडललाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक छ।

८ नीतिगत रूपमा सन्तुलित, व्यावहारिक र समयानुकूल ढाँचा निर्माण गर्न, एकतर्फी निर्णयहरू (जस्तै जबर्जस्ती गैरनाफामुखी बनाउने प्रयास) नगर्न तथा सहकार्यको वातावरण सुदृढ गर्न आवश्यक छ।

८ साथै सामुदायिक र संस्थागत विद्यालयबीच सम्भावित सहकार्य, संस्थागत विद्यालयका विद्यार्थीहरूले छात्रवृत्ति परीक्षा दिन नपाउने जस्ता अवरोध हटाउने र अभिभावकको विद्यालय छनोट अधिकार कायम राख्ने व्यवस्था हुनुपर्छ।

८ योसँगै सरकारको समन्वयमा शिक्षकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई उनीहरूको पेसागत सुरक्षा र सेवा-सुविधा सुधार गर्न आवश्यक छ। संस्थागत विद्यालय सहकार्य, समन्वय, कानुनी परिपालना र दीगो नीतिगत सुधारमार्फत शिक्षा क्षेत्रलाई थप सक्षम र प्रतिस्पर्धी बनाउन चाहन्छन्।

नेपालको शिक्षा प्रणालीमा संस्थागत र सामुदायिक विद्यालय दुवै आवश्यक छन्। अभिभावकहरूमा गुणस्तरीय शिक्षाप्रति बढ्दो आकर्षण, प्रविधिको विस्तार र प्रतिस्पर्धात्मक शैक्षिक वातावरणले संस्थागत विद्यालयहरूको विकास र विस्तारलाइ थप मजबुत बनाउँदै भविष्यमा यसको सम्भावना अझ सकारात्मक देखिन्छ।

निजी विद्यालयले गुणस्तर, नवप्रवर्तन र प्रतिस्पर्धा ल्याउँछन् भने सामुदायिक विद्यालयले पहुँच र समावेशिता सुनिश्चित गर्छन्।

दुवैबीच सहकार्य, स्पष्ट नीति र सन्तुलित नियमनमार्फत मात्र नेपालको शिक्षा प्रणालीलाई दीगो, समतामूलक र गुणस्तरीय बनाउने सम्भावना रहन्छ। यसका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य र स्पष्ट नीतिगत वातावरण अत्यावश्यक रहनेछ।

(लेखक बिनोद रेग्मी सह प्राध्यापक हुन्। हाल उनी हेरल्ड सेकेन्डरी स्कुल तथा कलेजमा प्राचार्य छन। सेतोपाटीबाट सभार





हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अनुपम राठी (अध्यक्ष)
मोरंग उद्योग व्यापार संघ, परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अरनिको अवाशीय सकेन्डरी स्कुल
परिवार, तीनटोलिया, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विराट आँखा अस्पताल
परिवार रोडशेष चौक विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसररमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राकेश सुराना (अध्यक्ष)
उद्योग संगठन मोरंग परिवार